# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदूरपश्चिमप्रदेश, नेपाल

आ.व.:०७९/८०

च.न.

मिति: २०८०/०१/२५

### निर्माण सामग्री सम्बन्धी धनगढी उप-महानगरपालिकाको अत्यन्त जरुरी सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार तोकिएको सडकको क्षेत्राधिकार भित्र ढुंगा, बालुवा, गिट्टी, सिमेन्ट, रड, जस्ता लगायतका निर्माण सामग्री सडकमा राखिएको कारण सवारी आवागमन तथा यात्रुलाई समेत अप्ठ्यारो भई दुर्घटना हुने र नगरवासीको दिनानुदिनको गुनासो भइरहेको तथा उल्लेखित क्रियाकलापले निम्त्याउन सक्ने दुर्घट्नालाई मध्ये नजर गर्दै यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र सडक क्षेत्राधिकार भित्र राखिएका निर्माण सामग्री हटाई खाली गरिदिन हुन सम्बन्धित व्यक्ति, संस्था वा निकायको नाममा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तोकिएको समयावधि भित्र निर्माण सामग्री नहटाएमा सोही ऐनको दफा ४५ उपदफा (४) बमोजिम उप-महानगरपालिकाले निर्माण सामग्री आफै हटाउनेछ भने यसरी हटाउन लागेको खर्च सम्बन्धित निर्माण समाग्री राख्ने ब्यक्ति, संस्था वा निकायबाट असुल उपर गरिनेछ भने मिति २०८० जेष्ठ १ गते देखि पूर्ण रुपमा निर्माण सामग्री राखिएको देखिएमा प्रचलित कानून, नियम अनुसार दण्ड जरिवाना गरी निर्माण सामग्री समेत जफत गरिने व्यहोरा सर्वसाधारण सबै नगरबासीमा जानकारी गरिन्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत